आज मिति २०७६ माघ ०७ गते मंगलबार विहान ११:०० बजे गांउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको ३९ औं बैठक बसी निम्नानुसारको निर्णय गरियो :

<u>उपस्थिति:</u>

| स.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री निर्मला हिम्दुङ | |
| ३ | सदस्य | श्री कान्छाराम रुम्बा, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री सुर्य बहादुर मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री बाबुलाल स्याङतान, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री चन्द्र सिंह प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री सिंगलाल प्रजा, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री कुल बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री रामकृष्ण प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सिमोन वि.क. | |
| १३ | सदस्य | श्री मैना कुमारी गोले | |
| १४ | सदस्य | श्री गौरीमाया स्याङतान | |
| १५ | सदस्य | श्री कर्ण कुमारी राउत | |
| १६ | सदस्य | श्री सुकमाया वि.क. | |
| १७ | सचिव | श्री युवराज आचार्य | |

**छलफलका विषयहरु :**

१. चालु आर्थिक वर्षका लागि स्वीकृत आयोजना तथा कार्यक्रमको सम्झौता गर्ने म्याद थप सम्वन्धमा छलफल गर्ने ।
२. गाउँपालिकाको कार्यालयको केन्द्रीय प्रशासनिक भवन निर्माणार्थ जग्गा व्यवस्थापन सम्वन्धमा छलफल गर्ने ।
गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न वडा छनौट गर्ने सम्वन्धमा छलफल गर्ने ।
तामाङ्ग समुदायको महान पर्व सोनाम ल्होसारमा विदा दिने सम्वन्धमा छलफल गर्ने ।
५. विविध ।

**छलफल तथा निर्णयहरु**

**निर्णय नं. १ आयोजना तथा कार्यक्रमको सम्झौता गर्ने म्याद थप सम्वन्धमा**

कावु वाहिरको परिस्थिति परी सञ्चालन गर्नु पर्ने विशेष आयोजना तथा कार्यक्रमहरु बाहेकका चालु आर्थिक वर्षका लागि गाउँ सभाको पाँचौ तथा छैठौं अधिवेशनबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने समयावधि २०७६ फाल्गुण १५ गते सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ केन्द्रीय प्रशासनिक भवन निर्माणार्थ जग्गा व्यवस्थापन सम्वन्धमा**

गाउँ कार्यपालिकाको केन्द्रीय प्रशासनिक भवन निर्माण गर्नको लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन गर्न चैनपुर आसपासको क्षेत्रमा जग्गा व्यवस्थापनका लागि अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन सम्बन्धमा**

वाग्मती प्रदेश, उद्योग मन्त्रालय अन्तर्गत मकवानपुर घरेलु कार्यालयद्वारा सञ्चालन गरिने गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम वडा नं. १ र ६ मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : तामाङ्ग समुदायको महान पर्व सोनाम ल्होसारमा विदा दिने सम्बन्धमा**

करिव पचास प्रतिशत भन्दा वढी तामाङ्ग जातीको वसोवास रहेको यस राक्सिराङ्ग गाउँपालिकामा तामाङ्ग जातिको महान पर्व सोनाम ल्होसारको तयारीको लागि माघ ९ गते विहीबार एक दिन स्थानीय विदा दिने निर्णय गरियो ।

२०७६-१०-०६